**AMC Multidisciplinary Research Journal, Volume 3, Issue 1, 2022**
**Peer Reviewed Research Article**

# नेपाली समसामयिक कलाक्षेत्रमा प्रवेश पाएका उत्तर-आधुनिकवादका उपजहरु

**पकबहादुर थापा[1*]**
[1]Lecturer in painting at Lalitkala Central Department
*Corresponding Author: pakthapa111@gmail.com

Citation: Thapa, P. B. (2021). नेपाली समसामयिक कलाक्षेत्रमा प्रवेश पाएका उत्तर-आधुनिकवादका उपजहरु. *AMC Multidisciplinary Research Journal*, *3*, (1), 60-68.

-----------------------------------------------------------------------------------------------------------------

**लेखसार**
*नेपाली समसामयिक कला क्षेत्रमा देखिएका अनौठो, चंचलता, खुल्लापन, बहुलवाद, अन्तर-सम्बन्धहरु, उत्तर-आधुनिकवादका उपजहरु हुन । यसले सामाजिक मुल्य मान्यताका साथसाथै कलाकारको नैतिकतामा समेत प्रश्न चिन्ह खडा गरेको छ । कला समयको परिसूचक भएकोले नेपालको वर्तमान परिवेशमा विश्वव्यापिकिकरणको प्रभाव, परिवर्तित समाज र व्यक्तिगत स्वतन्त्रतामा हुने उत्सवले बहुलवादी सोचलाई प्रतिबिम्बित गरेको छ । समसामयिक रुपमा देखिएका पृथक, अप्रत्यासित रुप, व्यक्तिगत स्वतन्त्रता, विरोधाभाषी तथा द्विविधात्मक शैली, सामग्री, प्रक्रिया र विषयवस्तुको अनन्तता र पर्यावरणीय चिन्तन जसले ग्यालरी भन्दा बाहिर, काठमाण्डौमा परीसिमित कलाको सिमा तोड्दै दुर्गम क्षेत्रमा गरिने कला क्रियाले नौलो आयाम तर्फ संकेत गर्छ । यिनै सभ्य समाजले समेट्न नसकेको उपजहरुको व्याख्या विश्लेषण उत्तर-आधुनिकवादको टुललाई (उपकरण ) प्रयोग गरेर विविध पक्षहरुको उजागर यस लेखमा गरिने छ ।*

***शब्द कुञ्जि:*** खुल्लापन, वहुलवाद, अन्तरर्विधात्मक सम्बन्ध, चंचलता, सीमान्तकृत आभाष ।

-----------------------------------------------------------------------------------------------------------------

## परिचय

नेपाली समसामयिक कला क्षेत्रमा मौलाएका खुल्लापन, चंचलता जातीय, लिङ्गीय, ब्यक्तिगत स्वतन्त्रता, अन्तरविधात्मक सम्वन्ध, वहुलवाद जस्ता कार्यहरु उत्तर-आधुनिकवादका विशेषताहरु हुन् । नेपालको राजनीतिमा देखिने उथल पुथल र त्यसबाट सृजिने उपजहरु नविन, अनौठो सम्हाल्न प्राय सम्भव नहुने हाम्रो कला क्षेत्रमा उतर-आधुनिक सोचको रुपमा देखा पर्न थालेको छ । हिन्दु धर्मको छात्रछाँयामा हुर्केको राजनीतिले समेट्न नसकेको जातीय, लिङ्गीय, छेत्रीय, विभेदको सचेतानामा क्रान्ति चर्काउने र त्यसको उपलब्धिमा लोकतन्त्रको उपमा दिएर सबैलाई बराबर मान्यता दिने अथवा स्थापित मान्यतालाई भात्क्याउने र भत्केका उपजहरुमा उत्सव मनाउने कार्य उत्तर-आधुनिकवादका रुपहरु हुन् । परम्परागत आवस्थामा चलिआएको परम्परा माथि आलोचनात्मक उद्देश्य राखी नौलो र नयाँपन नै आधुनिक वाद हो । यहि आधुनिकवादले समेट्न नसकेका जातीय क्षेत्रीय लैंगिक पहिचानका मुद्दामा टेकेर उत्तर-आधुनिकवादले आफ्नो बाटो तय गर्दछ । नेपालको परिदृश्यमा भने मल्लकाललाई कला र सभ्यताको हिसाबले स्वर्ण युग मानिएता पनि सुगौली सन्धिबाट पश्चिमा सोचको आधुनिकताले खुट्टा पसारेको देख्न सकिन्छ । राणाहरुको परितुष्टी, २००७ सालको प्रजातन्त्रबाट आम नागरिकले पाएको स्वतन्त्रता र व्यक्तित्व विकासका लागि निर्वासन अपनाएका कलाकारहरुले फ्रान्स र इङ्गल्याण्डको औपेनिवेशिक सौन्दर्यलाई संरक्षण मात्र नभै नेपालको अभिन्न अंगको रुपमा एक मात्र ललितकलाका नामले परिचित हुने मौका पाएको छ । हिजो कलामा देखिने परिदृश्य आम नेपालीको सोच भन्दा टाढाका अभ्यास देखिन थालिएको छ । *“निरंकुश राजतन्त्रको अन्त्य र लोकतन्त्रको स्थापना गर्दै राजनैतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, सबै जातीय, वर्गीय, लिङ्गीय, क्षेत्रीय आदि समस्याको समाधान गर्न राज्यको अग्रगामी पुनर्संरचना गर्दै पूर्ण लोकतन्त्रको अवधारणालाई कार्यन्वयन गर्नु आजको आवश्यकता हो”* -हाछेथु, बि. सं. २००८, पृ.२०) । भन्ने उद्देश्यका साथ जनयुद्धले ल्याएको लोकतन्त्र सहितको गणतन्त्र र बढ्दो विश्वब्यापिकीकरण का कारण पनि गतवर्ष यमक्युव ग्यालरीमा भएको “द न्युड एक्जिविसन” नामक प्रदर्शनीमा २३ जना कलाकारको ५० ओटा चित्र र नग्न भावभंगी कलाले व्यक्तिगत स्वतन्त्रताको आवाज बुलन्द गरेको अनुभूति गर्न सकिन्छ । मनिसलाल श्रेष्ठले तारगाउ संग्रहालयबाट बौद्धनाथ मन्दिर सम्म गरेको “परियोजना १३३६” नामक रङ्गी बिरंगी डोरीको प्रदर्शनी र जुलुशले आम मानिसको ध्यान केन्द्रित मात्र होइन, कला प्रति हेर्ने दृष्टिकोणमा समेत परिवर्तन ल्याएको देख्न सकिन्छ । सन् २०१७ को पहिलो बायनियलमा चिनिया कलाकार सङडोङले चकलेट र कुकिजबाट निर्मिण गरेका

मण्डला आकारको काठमाण्डौ शहर आमदर्शकले प्रदर्शनी अवधिभर पनि रहन नदिई सफाचट पारेको स्वादिलो भोज एउटा दस्तावेजमा परिसीमित रहेको छ । रविन्द्र श्रेष्ठले २०१७ मा २० जना कलाकारसंग गरेको सहकार्यबाट कोरिएको चित्र स्वयंम आफुले चित्र नकोरी सम्पुर्ण सर्वाधिकार पाएको अनौठो र फरक प्रत्याभूतिले कलाक्षेत्रमा नविन आयाम थपिदिएको छ । सन २० जुलाई २०२० मा भुवन थापा द्वारा बाँसको चोयोबाट सृजित कृति गुल्मी, सत्यवतीगाँउपालीका -२ को लुम्पेक लेकमा प्रतिस्थापित गरिएको कलाले गुल्मी बासीलाई मात्र नभै काठमाण्डौमा मात्र परिसीमीत नेपाली कला क्षेत्रको लागि नयाँ आयाम मान्न सकिन्छ । सभ्य र परिष्कृत परिकल्पनाका साथ वि.स. २०४६ सालमा ल्याइएको प्रजातन्त्रको पुनर्बाहली त्यसले समेट्न नसकेको जातीय, क्षेत्रीय, लैंगिक, भाषिक, र धार्मिक विभेदलाई धार वनाएर राजनैतिक परवर्तन पुनः वि. सं. २०६३ सालमा लोकतन्त्र सहितको धर्मनिरपेक्षताले मान्यता पाएको छ । विश्वव्यापिकिकरण, विज्ञान प्रविधिको युगले एक धिक्काको रुपमा हेर्न सकिने उस्तै मिल्दा जुल्दा अभ्यासले नेपाली कला क्षेत्रमा यदाकदा उत्तर आधुनिकवादको प्रारूप हो कि भन्ने आधारहरु देखिन थालेका छन ।

उत्तर-आधुनिकवाद सन् १९५० देखि ९० को बिचमा पश्चिमा मूलुकहरुमा देखिएका विविध कलागत पक्षहरुको अभ्यासलाई दिएको उपमा हो । उत्तर-आधुनिकवाद एउटा विचारधारा होइन । बरु एउटा अवश्था हो । भनेर महशुस गर्नु अतिनै आवश्यक छ । उतर-आधुनिकवादी हुन खोजिएको पनि होइन । यसको आफ्नै परियोजना छैन । यसले परिवर्तन खोज्दैन, बरु यस संसारलाई उत्तर-आधुनिकवादको रुपरेखा भित्र उपयोगिका रुपमा बुझ्न सकिन्छ (यमन, २००१, पृ. २) । *त्यसो त आधुनिकवादको प्रकृति भन्दा भिन्न सार्वभौमिकता, वहुलवादी, खुलापन, मनोवृत्ति, कट्टरपन्थी विरोधी, प्रासङगिकता, व्यवहारिकता, व्यस्तता, अन्तर-विषयक, आलोचना, व्यङ्ग्य र राजनैतिक, आर्थिक, सामाजिक परिवेशसंग जोडिएको कला क्षेत्रको संरचनागत सौन्दर्यानुभूतिमा जोड दिनुले उत्तर-आधुनिक सौन्दर्य दर्शनलाई चित्रण गर्दछ* (शस्टर्मन, २००१, पृ.७८१) । दार्शनिक दृष्टिकोणमा हेर्ने हो भने पनि फ्रेरिड निच्चहले पहिलोपटक पुनःवर्णित बंशावली र सृजनात्मक व्याख्याको शक्तिबाट सृजित (मेटाफिजिक्स) तत्वज्ञान र परमसत्यलाई नकार्दै उतर-आधुनिकवादको स्पष्ट सौन्दर्य दृष्टीकोण तयार गर्दछन (शस्टर्मन, २००१, पृ.७७७ ) । उनकानुसार "will to power" "इच्छा शक्ति त्यो हो, जसले आफ्नै संसार र मुल्यमान्यतालाई स्थापित गर्न सक्दछ । पूर्ववत रुपमा स्थापित नैतिकता र राजनैतिक मूल्य मान्यतालाई अस्वीकार गर्दै भगवान नरहेको शुन्यवाद तर्फ आफ्नो दर्शनलाई आधि सारे पश्च्यात एक पछि अर्को दृष्टिकोण आघि बढेको देख्न सकिन्छ । माइकल फुकोको (believe in power of knowledge) ज्ञानको शक्तिमा विश्वास, जिन फ्रान्सिस्को ल्योटार्डको उत्तर-आधुनिक अवस्थामा उल्लेखित (metanarretive) महाकाब्यले वहुलवादी दृष्टिकोण र डेरिडाको (deconstruction) "संरचनागत नभएको विकेन्द्रिकृत अवस्थामा हेरिने दृष्टिकोणले उत्तर-आधुनिकवादका नवप्रवर्तनात्मकका लागि दरिलो खुराक मिल्यो ।

उत्तर-आधुनिकवादको प्रशंगलाई उठाईरहँदा यसका पृष्ठभूमिलाई मध्यनजर गर्ने हो भने पुर्व आधुनिकवाद, आधुनिकवाद र उत्तर-आधुनिकवादको विकाश क्रमलाइ औल्याउनु जरुरी छ । पुर्व आधुनिकवादले आत्मा निर्भरता, सुचना प्रविधि र साक्षरताको कमीका कारण पूर्ण रुपमा आध्यात्मिक परम सत्यको ब्रम्हाण्डीय ज्ञानका रुपमा पुणर्जागरण पुर्व आफ्नो युगलाई कायम राखेको देखिन्छ । आधुनिक युगमा विज्ञान, सूचना प्रविधि, दर्शन एतिहाँसिक, औद्योगिक, राजनैतिक, साहित्य र लालितकलाको पुनर्जागरण भए संगै १५ औं शताब्दीदेखि आफ्नो सिमांकन कोरेको यस युगले अनुकरणीय, रोमान्स र भावानात्मकताको विविध पक्षलाई परिष्कृत गर्दै अनेकन वादको प्रादुर्भाव गरी सन् १९६० को दशक सम्म आफ्नो दबदबा कायम राखेको देख्न सकिन्छ । यिनै तिन वटा पक्षहरुको बिच एक बाट अर्कोमा रुपान्तरण हुँदा नवप्रवर्तनात्मकहरुको काममा देखिएका नविन कार्यले एक पछि अर्को छलाङ्ग मारेको देखिन्छ । नवप्रवर्तनात्मक परम्पराबाट सृजित नविन कार्यहरुलाई समेट्न नसकेको भनी आलोचनात्मक तर्क आघि सार्दै उत्तर-आधुनिकवादको प्रारूप तर्फ संकेत गरेको मार्शल दुच्याम्पको पिसावदानीले सन् १९५० को दशक पछि कला आन्दोलनहरुमा जन्मिएका अनेकन पक्षहरुको प्रेरणाका स्रोत बनेको देखिन्छ । यिनै पक्षलाई औल्याउदै स्ट्रीकल्याण्ड, र बोस्वेल, (१९९२) ले उल्लेख गरे अनुसार - *"पूर्ववत रुपमा देखिएका उत्तर-आधुनिकवादी कला पूर्ण नियन्त्रणमा हुने गर्दछ । स्वीकारीएका तयारी वस्तु, सामग्री, माध्यम र विषयवस्तुलाई कुनै परिसीमा भित्र नभै अनन्तता सम्म विस्तार गरिएको छ । कलाकार साँच्चिकै चिर परिचित भन्दापनि मौलिक हुनुको चुनौतीमा फसेको छ"* (पृ. १६८) । मार्शल दुच्याम्पको आर. मट.ले ल्याएको हलचलबाट पप, मिनिमलिज्म, जंक, एसेम्बल, ल्याण्ड आर्ट, प्रतिस्थापन कलालाई भरपुर खुराक पस्की दिएको प्रमाणको रुपमा हेर्न सकिन्छ । पपको उत्सवबाट प्रभावित भै सुपर-रीयालिजम तयारी बजार र उच्च मान्यताका साथ हुबहु नक्कल ले कला प्रतिको दृष्टिकोणमा परिवर्तन आएको देखिछ । सन् १९७०-८०

को दशकमा जर्गबाजिलेजको उल्टो चित्रकला, जिनमाईकलको ग्राफिटीकला, एनसेल्म केइफर, जर्हार्द रिचार्डको क्षेतविक्षेत इतिहाँसको अवशेषहरुका रुपमा फोटोग्राफीको प्रदर्शनी भैरहेका बेला मनोवैज्ञानिक रुपमा प्रभाव परेका विक्षिप्त येथार्थताको चित्र भ्रमात्मक रुपमा पस्केको कला र सन् १९९३ मा व्हीतनी बायनीअल मा राखिएको बारबारा क्रुजरको प्रतिस्थापन कलाले महिलावादीको आवाजका रुपमा महिलाकै अंगलाई उत्सवको रुपमा मनाइनुले ९०को दशकमा इरिक फिचेल, लिजा युस्काभेस, डेविड सालेका चित्रहरु कामवासना तर्फ मोडिएको देखिन्छ । प्रतिस्थापन, भावभंगी कला, एसेम्ब्लेज, ल्याण्ड आर्ट, मिनिमल, फोटो यथार्थ जस्ता कला आन्दोलनको उपमा पाएको (कन्सेप्टचुअल) अवधारणात्मक कलाको छाँता संगठन स्थापित गर्दै हरेक शैलीलाई अनुमति दिने संस्कारको विकास गरेको छ । प्रतिस्थापन , भावभंगी, एसेम्ब्लेज, र मिनिमल कलाका कलाकार रिचार्ड शेरा, आयान हिमल्टन, जेफकुन्स, अनिष कपूर, आइओइ ओइका पछिल्लो समयमा देखिएका कलाले आफ्नो रुप अप्रत्त्यासित रुपमा परिवर्तन गरी सामग्री, प्रक्रिया र विषयवस्तुको खुल्ला, अनन्तताले उत्तर आधुनिकवादको चरम रुपमा स्वीकारीएका नमुनाहरु हुन । नेपाली कला क्षेत्रको हकमा हेर्ने हो, भने ल्याण्ड आर्ट, मिनिमल, फोटो यथार्थ जस्ता कला आन्दोलनको उपमा पाएको (कन्सेप्टचुअल) अवधारणात्मक कलाको छाँता संगठन स्थापित गर्दै हरेक शैलीलाई अनुमति दिने संस्कारको विकास गरेको छ । भने ललितकला काठमाण्डौ भन्दा पर पुगेको पनि होइन । तर सुचना प्रविधिले आगनमै ल्याइदिएको संस्कृतिको प्रभाव पर्दैन, भन्ने कहाँ लेखेको छ । यो त स्वभाबिक पक्ष हो, तर शैलीगत रुपमा पूर्ण पश्चिमा भयौ, भन्नेमा विज्ञहरुको चासो हो । यिनै चासो र समसामयिक परिवेशमा देखिएका उपजहरुको लेखा जोखा नै यस लेखमा समेटिएको छ ।

**शोध विधि**

यस शोधको अनुसन्धान क्षेत्र नेपाली समसामयिक कलाक्षेत्रमा प्रवेश पाएका उत्तर आधुनिकवादका उपजहरु रहेको छ । विश्वव्यापिकिकरण, सुचना प्रविधि र नेपाली कला क्षेत्रमा देखिएका नविन, पृथक प्रस्तुतिको खोजि गर्दै त्यसको प्रभाव र योगदानलाई खोतल्ने उद्धेश्य रहेको छ । प्राथमिक रुपमा उपलब्ध चित्रको व्याख्या विश्लेषण गरिएको छ । भने पुस्तक, लेख, रचना जस्ता सहायक तथ्यांकले अध्ययनको पृष्ठभूमि निर्माण गर्न सहजीकरण गरेको छ । यो शोध वर्तमान परिवेशमा देखिएका उत्तर-आधुनिक अभ्यासहरुलाई गुणात्मक अनुसन्धानमा आधारित भै अघि बढाईएको छ । फरक-फरक उपलब्ध प्रतिबिम्बात्मक कृतिहरुका विधा विविध रहेका छन ।

**ब्याख्या विश्लेषण**

नेपाली कला क्षेत्रमा पश्चिमा कलाका अभ्यासका बाछिटा अलि ढिला गरि पर्छ । त्यसका पछाडी देशको राजनैतिक, आर्थिक, सांस्कृतिक र साक्षरताले पनि महत्व राख्ला तर ढिलाई भएपनि भावभंगी, प्रतिस्थापन, जंक, भूमिकला या भनौ कन्सेप्टचुअल कलाको रुपमा प्रवेश पाएका उत्तर-आधुनिकवादी उपजहरुको अभ्यासले आम दर्शकलाई प्रत्याभूति हुने गरी हरेकको ढोका घचाघचाएको छ । जुनसुकै माध्यम पद्दतिबाट बनेका कलामा विवेकको प्रयोगलाई मुल्यांकन



गर्ने गरिन्छ ।

चित्र नं. १, रविन्द्र श्रेष्ठ, शिर्षकः "रेखाकला" २० जाना कलाकारको सहकार्यमा तयार गरिएको कला

चित्र नं. १ मा अवस्थित कृतिमा कलाकारले चित्र नकोरेर पनि त्यसका सम्पूर्ण एकाधिकार स्वयंम कलाकारमै परिसीमा बनेको छ । सहभागी कलाकार तिनका विचारमा सहमत भै उनकै विचारलाई परिष्कृतता तर्फ उन्मूख गराउने योद्धा मात्र हुन । कलाकारले दिएको रेखामा सहभागी कलाकारले आफ्ना स्वतन्त्र भावना अभिव्यक्त गरिएको भनिएता पनि अन्ततः कलाकारकै दृष्टीकोण भन्दा पर देखिदैन । रबिन्द्र श्रेष्ठका लागि देख्न सकिने र नसकिने रेखाहरुको रहस्यमयी खोजी नै उनका सिर्जना हुन । उनले तयार गरेका निश्चित रेखामा सानो वालक देखि वरिष्ठ कलाकार सम्म २० जना कलाकारलाई सहभागी गराउदै आफ्नो परियोजनालाई सार्थक बनाएका हुन । उक्त चित्र काठमाण्डौ विश्वविद्यालयमा बि एफ. ए. को अध्यनका क्रममा छ महिने परियोजना अनुरुप सन् २०१४ मा ललितकला एकेडेमी नक्सालमा प्रदर्शनी गरिएको हो ।

यस परियोजनाको २१ सेप्टेम्बर २०१५ मा प्रसारित युट्युवमा सहभागि कलाकारले केहि आफ्ना अभिव्यक्ति राखेका छन । ती मध्य मनिसलाल श्रेष्ठले आफ्ना जीवनका उतारचडावमा हुने रेखाको प्रत्याभूतिलाई अगाडी सारेका छन । भने मनुजबाबु मिश्रले कलासंस्कृति, जातपात, भेषभूषा, धर्म र साहित्यको रेखाहरुमा जेलिएका हाम्रा जीवनरेखालाई अभिव्यक्तिको पाटो मानेका छन । कला लेखक मदन चित्रकारले कलाकार पर्दा पछाडी रहेर पनि अगाडीको भूमिका निर्वाह गरेका कुरालाई अघि सारेका छन् । कलाकार बन्नको लागि कुची समातेर कोर्नै पर्छ, भन्ने मान्यतालाई पछि सार्दै फरक सोच र प्रकृया, पद्धतिमा कलाकार अग्रसर देखिन्छन ।




चित्र २, सङडोङ, "मण्डला सिटी फर इटिङ्ग" सन् २०१७, चकलेट र कुकिजबाट तयार गरिएको प्रतिस्थापित कला

आजभोली देशको परिवेश यसरी बदलियो कि हिजो र आजको आँकलन गर्न पनि गाह्रो छ । देशको मेरुदण्ड भनेको राजनिती नै अस्थिर हुनु । देशको तात्विक दुरगामी योजना नबन्नुले हामी माज फैलिएको वहुलवादी संस्कृति र हाम्रा आवश्यकताले आएका हुन् । या आयातित परिसूचक हुन् । सोधको विषय बनेको छ । तर वरपर देखिन थालेका उतर-आधुनिकवादी अभ्यासलाई मध्य नजर गर्न सकिने अवश्था पनि छैन । काठमाण्डौको शहरलाई मण्डलाको आकारमा चकलेट र कुकिजबाट तयार गरि मिठो भोजको रुपमा पस्केका चाइनिज कलाकार सङडोङको पृथक र लामो समय सम्म सौन्दर्य नरहने क्षणिक प्रस्तुति, दस्ताबेजमा परिसीमित प्रतिस्थापन कला क्षणभरमै आगन्तुक दर्शकले सफाचट पारेको अनौठो प्रत्याभूति देख्न सकिन्छ । नेपाली कला क्षेत्रमा भै रहेका कला अभ्यास भन्दा फरक जहाँ दर्शक स्वयंम सहभागी भै त्यस कृतिबाट लिने स्वादिलो अनुभूति सम्झन लायक देखिन्छ । मन्दिरै मन्दिरले भरिएको काठमाण्डौ शहरलाई सजीवताका साथ स्वादिलो सिर्जनामा पस्किँदै दर्शकलाई स्वतन्त्ररुपमा छोडिएको उक्त कृति क्षणभरमै मेटिनुले नेपालको वर्तमान परिवेशलाई चरितार्थ गरेको प्रत्याभूति हुने गर्दछ । छिमेकी राष्ट्रका कलाकारले मिठो

भोजको रुपमा पस्कनु उनको सृजनात्मक वडप्पन होला । तर त्यस परिवेशको प्रकृति, रमणीय वातावरण र अनौठो प्रत्याभूतिले आम नेपालीलाई राष्ट्रिय सम्पदा प्रतिको सचेतना गराईरहेको हो कि भन्ने भान पर्ने गर्दछ । कलाको सौन्दर्य लामो समय सम्म टिकी रहनु पर्छ, भन्दा पनि कलाकारको सोचले दर्शकमा कस्तो छाप छोड्छ, भन्ने कुराको महत्वलाई दर्शाउछ । यदि सृजनात्मक सोच उत्कृष्ट छ, भने जो कोही कलाकार बन्न सक्छ । र जुन कुनै माध्यमबाट बनेका सिर्जना कला हुन सक्छ । भन्ने उत्तर-आधुनिकवादका दरिलो उदाहरण मध्यको एक हो ।





चित्र ३, सुन्दर लामा,"कोकोनत ब्यान्डेज" भावभंगी कला ।

चित्र ४, अन्य सहभागी कलाकारका चित्र,

नेपालीकला संस्कृति र सभ्यता विपरीत प्रवेश गरेको पश्चिमा शैलीले आधिकारिक रुपमा दिइने शिक्षण पद्दतिमा निर्वस्त्र शिक्षण सिकाईमा रोक भएता पनि यदाकदा नग्न चित्र र नग्न भावभंगी प्रस्तुतिले प्रसय नपाएको भने होइन । तर आधिकारिक र ती चित्रमा विविध शैलीका सांकेतिक अर्धमुर्त रुप हुने भएकाले समाजमा त्यति राम्रो छाप छोड्न भने सकेको छैन । तर २०२१, ०३ देखि सेप्तेम्बेर १६सम्म यमक्युब ग्यालरी ललितपुरमा गरिएको नग्न कला प्रदर्शनी अन्तर्गत २३ जना कलाकारका ५० वटा चित्र, फोटोग्राफी सहित स्वयंम कलाकार नै नग्न भवभंगीमा देखिनुले सबैको ध्यान खिचेको हो । सुन्दर लामाद्वारा गरिएको प्रस्तुतिमा सम्पूर्ण शरीर नग्न रहेपनि गोप्य अंगमा मुकुट (कोकोनट ब्यान्डेज) लगाइएको छ । भने अनुहारमा पहेलो टल्कने रङको लेपन गरिएको छ । दुवै हातले फुल समाते पनि भद्रमुद्रामा उभिएको शरीरमा सेतो रङ को लेपनले मुर्ति जस्तो अनुभूति गराएको छ । बास्तवमै यो प्रस्तुति कलाकारको लाजसंग जोडिएको छ । कलाकार लामासंग गरिएको अन्तर्वार्ता (०७-०९-२०७८) अनुसार-

> *"गोप्य अंगमा समस्या देखिए पछि शोको उपचार गर्दा भएको उजागर र सोही उपचार गर्दा लगाइने "कोकोनट ब्यान्डेज" नै प्रस्तुतिको शीर्षक बनेको छ । वरिपरी राखेको साना-साना अण्डकोष जस्तो देखिने प्रतीकको रुपमा ढुँगा र केरा राखिएको छ । कलाकारले अण्डकोषको प्रतिक ढुङ्गामा पट्टी लगाउदै आफ्नो प्रस्तुति शुरु गर्दछन । उक्त प्रस्तुतिमा दर्शक पनि सहभागी भै उत्सवको रुपमा अघि बढाउदछन । यस कार्यले कलाकारको प्रस्तुतिलाई सहजताका साथै परिस्कृत बनाइदिएको छ (अन्तरवार्ता) ।*

जे जस्ता कार्य प्रस्तुतिमा देखिएता पनि नग्न भएर आम दर्शकको सामु आफ्नो अभिव्यक्ति पस्कनु भनेको चानचुन कुरा भने बास्तवमै होइन । मानवीय जीवनको सौन्दर्यलाई उत्सवको रुपमा लिनु र दर्शकले सहर्ष स्वीकार्नु व्यक्तिगत

स्वतन्त्रता प्रतिको प्रत्याभूतिलाई अंगाल्नु हो । समग्र समाजको मुल्य मान्यता एक ठाँउमा होला । तर सामाजिक संजालमा देखिनु र यसलाई सामान्य रुपमा लिनुले हरेक क्षेत्रमा देखिएका उपजहरुलाइ बराबर मान्यता दिनु भन्ने बुझिन्छ ।



चित्र ५, मनिषलालले ५० भन्दा बढी महिलाहरुको सहायतामा तयार गरिएको सृजना, "परियोजना "१३३६", १० फेवरअरी,२०१९, आइतबार तारा गाउ संग्राहलय देखि बौद्धनाथ सम्म गरेको रङ्गी बिरंगी डोरी जुलुस ।

पछिल्लो समय कलाकारको सोच र सामग्रीको अनन्तताले आम जनमानसको कल्पना भन्दा पर हुन थालेको छ । यूरोपमा यस्ता काम नदेखिएका भने होइनन् । विषय वस्तु र त्यस कृतिको उद्देश्य, कलाकार, दर्शक, विद्यार्थी, शुभचिन्तकको सहभागिताले पाएको सफलता अतुलनीय छ । महर्जन, (२०७५) अन्नपूर्ण पत्रिकामा लेख्छनः

> *चिसो भुईंमा मस्त निदाएको काठमाण्डौं उपत्यका, वरिपरि अग्ला पहाड र बीचमा एउटा सानो सुनौलो जमिन बनेर, रातो, सेतो, नीलो, हरियो रंगको यो सहर कहिले समुद्री सतहबाट आफ्नो उचाई नाप्न खोज्छ, त कहिले आफ्नै धरातलमा रहेका जीवनहरू खोज्न थाल्दछ । काठमाण्डौको तारागाउँ संग्राहलयमा भिजुअल आर्टिस्ट मनिषलाल श्रेष्ठ यस्तै रंगीबिरंगी काठमाण्डौ बुनिरहेका छन । यो ऊनले बुनेको एउटा लामो डोरी हो । जसले काडमाण्डौंको हाइट नाप्ने डोरीको रुपमा उनी आफ्नो कलाबारे प्रष्ट्याउछन (अनलाइन पत्रिका)* ।

झण्डै (सन् २०१७ - २०१९) दुई बर्षको अवधिमा ५० जना  महिलाहरुको सहायतामा सम्पन्न डोरी रङ्गी विरंगी धागाहरु बाट बुनेका हुन् । यो सन् २०१७ को पहिलो बायनियल कला प्रदर्शनी अन्तर्गत आर्ट काउन्सिल ग्यालरीमा समेत राखिएको कृति हो ।  कान्तिपुर संवाददाता दाता (२२ माघ २०७५) दैनिक पत्रिकामा लेख्छन - *"मनिसलाल का लागि कला उपयोगिताको लागि मात्र नभएर व्यक्तिगत सोच विचारमा परिवर्तन हुनुपर्छ । कला भनेको विचार हो । सोचमा परिवर्तन आउनु नै कलाको सफलता हो"* (अनलाइन पत्रिका) ।

यस्ता प्रकृतिका कामहरु पश्चिमाहरु माझ अवधारणात्मक कला (कन्सेप्टचुअल आर्ट)को रुपमा सन १०६० को दशकमा सोललेल्विटले आर्ट फ्युरम नामक पत्रिकामा "प्यारेग्राफ अफ कन्सेप्टचुअल आर्ट" नामक शिर्षक दिई लेखिएको लेखबाट यसले आफ्नो मान्यता स्थापित गरेको हो ।  चाहे चित्र होस् या मुर्ति यसले हरेक कलालाई स्वीकार्दछ । यस अन्तरगंत प्रतिस्थापन र भावभङ्गि कलाले दर्शकलाई समेत त्यस कलाको अभिन्न अंगको रुपमा समेट्दछ । न त सौदर्य न उत्तेजक, न त लामो सम्म यसको सौन्दर्य टिकीरहन सक्छ । एउटा हातको सफाई जस्तो दस्तावेजमा परिसीमित रहने एक कला आन्दोलनको रुपमा हेर्न सकिन्छ । ९० को दशकमा भने आफ्नो रुपलाई विकसित गर्दै अनन्त हुन थालेको छ । त्यसको प्रभाव स्वरूप नेपालमा पनि यदाकदा पाईन थालेको छ । मनिसलालले

“परियोजना १३३६” कलालाई  कहिले माइती घर मण्डला घुमाए, कहिले तारा गाँउ संग्राहलय देखि बौद्धनाथ मन्दिर सम्म तन्क्याइएको डोरीजुलुसले आम दर्शकका लागि अनौठो प्रत्याभूति दिइएको छ । यस्ता सामग्री, प्रक्रिया र विषय वस्तु नै सोच भन्दा बाहिरको कला, स्टुडियोमा मात्र सिमित नभै शहर नै ग्यालरीको रुपमा लिने कलाले कलाक्षेत्रमा नविन सोचको प्रवेश हो, भन्ने आधार पस्केको छ । सौन्दर्य ग्यालरीमा सजिएको कृतिमा मात्र नभै आम सर्वसाधारणको माझमा पस्किएका अद्‌भूत कृतिले अनन्तताको प्रत्याभूति गराउद्छ, भन्ने उदाहरण पनि हो । प्रतिस्थापन कला ग्यालरीमा मात्र सिमित रहेन ।  जब कलाले आफुलाई प्रकृतिमाझ लान्छ । तब कला को सामग्रीमा पनि परिवर्तन आउन थाल्छ । प्रकृतिलाई त्यसैको वरपर रहेका वस्तुले जब सुसज्जित गरिन्छ । त्यसको मुल्य मान्यतामा फरक हुने कुरामा दाबी गर्न गर्छन । स्वभावैले प्रकृति पूर्ण हुदैन, त्यसका राम्रा पक्षलाई अँगाल्दै नराम्रा पक्षहरुलाई हटाउदै बनेका सिर्जना अब्बल र उत्कृष्ट हुन्छ । भन्ने अरिस्टोटलको दर्शनले पनि सहयोग गरेको छ ।



चित्र नं. ६. भुवन थापा,  शिर्षक: “प्रकृति र कला”  २० जुलाई २०२० वातावरणीय कला

प्रतिस्थापित कलालाई नै परिष्कृत गर्दै भूमि कला र वतावरणीय कलाको विकाश भएको हो । वातावरणीय कलाको विशेषता भनेको पर्यावरणीय चिन्तनमा आधारित हुन्छ । प्रकृतिकै सामग्री प्रयोग गरेर कलाकार प्रकृति पुजक भै विज्ञान र दर्शन दुबैलाई अँगाल्द्छ्न । पारम्परिक, उत्पादित, ग्रामीण सामग्री होस् या शहरी अवश्थाको परिदृश्यलाई आफ्नो दायरामा लिएको पाइन्छ । चित्र नं. ६. को सृजना भुवन थापा (मूर्तिकार) द्वारा बनाइएको हो । परम्परागत शीप र प्रकृति मै उपलब्ध बाँसको चोयोबाट बुनिने डोकोको रुपलाई साना साना बोटमा फुल्नलाई निस्केको कोपिला जस्ता देखिने चोयो कला गाँउलेका लागि मात्र नविन नभएर नेपाली कला क्षेत्रका लागि पनि सोचको विषय बनेको छ । काठमाण्डौका ग्यालरी र कलाकारको परिदृश्य राम्रो संग फस्ताउन पनि नसकेको अवस्थामा कलाकार प्रकृति पुजक हुनुले सामाजिक, आर्थिक रुपान्तरण र क्षणिक सौन्दर्य दिने कलाले परिचयात्मक प्रत्याभूति गराएको छ । कला उपयोगिता भन्दा पनि त्यसले दिने सौन्दर्य र सचेतनामा सफल हुने गर्दछ । भन्ने विश्वासलाई अघि सार्दै दुर्गम क्षेत्रमा गरिएको अभ्यास प्रशंसनिय छ । नेपाली कला क्षेत्रमा रहेको कला परम्परा भन्दा फरक सोचका साथ आघि बढ्नुले नविन कुराको प्रत्याभुति गराएको छ ।

**निष्कर्ष**

पृथक, खुलापन, अनन्तता, र अन्तर विषयका साथै वहुलवाद जस्ता विशेषता भएका कला अभ्यासले उत्तर-आधुनिकवादको प्रत्याभूति दिइरहेको छ । बन्दुकको नालबाट निस्केका छर्रागोली जस्ता अनेकन पक्षहरुको उपस्थिति देखिएका छन । आजभोली कलाका अनेकन रुप देखिएता पनि अवधारणात्मक (कन्सेप्टचुअल) कला अन्तर्गत समेटिने गर्दछन । ती कला आम सर्वसाधारणको वश भन्दा टाढा, लामो समय सम्म सौन्दर्य नरहने क्षणिक उपस्थिति भएको दस्ताबेजमा परिसीमित हुने गर्दछ । आजभोली नेपाली कला क्षेत्रमा उत्तर-आधुनिकवादका विशेषतासँग मेल खाने कृयाकलापले व्यापकता पाउन थालेको छ । प्राथमिक तहमा उपलब्ध कृतिको व्याख्या बिश्लेषण गरि समग्र पक्षको मुल्यांकन गरिने उद्देश्य अनुरुप यस्ता प्रक्रियागत कलाको प्रयोगले कला प्रति हेर्ने दृष्टिकोण परिवर्तन भएको छ । यदि कसैले सृजनात्मक सोच राख्न सके जो कोही कलाकार बन्न सक्ने र कुनै पनि वस्तुलाइ कलाको रुपमा हेर्न सकिने आधार सृजना गरेको छ । सोचलाई सर्वेसर्वा ठान्दै सोच निर्देशकको भरमा उत्पादित कला उपर सर्वाधिकार रहने, अनौठो प्रत्याभूति कलाकार रविन्द्र श्रेष्ठको “रेखा कलामा” देख्न सकिन्छ । न त चित्र न मूर्ति भन्न मिल्ने सङडोङको “मण्डला सिटी फर इटिङ्ग” नामक शिर्षकमा चकलेट बाट तयार गरेको मिठो प्रतिस्थापित कलाले काठमाण्डौ शहरका सम्पदालाई प्रतिविम्वित गरेको छ । दर्शकले क्षणभरमै उक्त कृति सफाचट पार्नु देशको राजनैतिक, सामाजिक व्यङ्ग हो, भन्दा पर्दैन । सुन्दर लामाको “कोकोनट ब्यान्डेज” नामक शिर्षकमा प्रस्तुत भावभंगीकला समाज भन्दा विपरीत व्यक्तिगत स्वतन्त्रतालाई अभिव्यक्त गरेको छ । भुवन थापाको “प्रकृति र कला” नामक वातावरणीय कलाले त्यस परिवेश अनुकुल मौलिक शिल्पकलालाई सृजनात्मक सोचका साथ प्रस्तुत गरिँदा पर्यटकिय गन्तव्य स्थल बनाउन सकिन्छ कि भन्ने उद्देश्यमा उत्घातित भएको देखिन्छ । यस्ता अभ्यासरत रहेको कलाकार्यले वर्तमान परिभेषको प्रतिनिधीत्व गरि रहेका छन । आधुनिक सभ्य समाज भन्दा भिन्न सोचमा आधारित अनौठा कला प्रस्तुतिले नेपाली कला क्षेत्रमा उदाएका उतर-आधुनिकवादी अभ्यास हुन्, भन्दा फरक पर्दैन । आजभोलि कला ग्यालरी र काठमाण्डौ भन्दा बाहिर दुर्गम, अनौठा र स्वतन्त्रताको अभिव्यक्ति सहित उत्तर-आधुनिक आवाजलाई वुलन्द गरेको छ । कलाकारले राजनैतिक, सामाजिक, सांस्कृतिक, परिवर्तन र त्यसका उपजहरुमा आफ्ना अस्तित्व खोज्दै नविन सोचको रुपमा आफुलाई उभ्याउने प्रयास गरेको छ । उतर-आधुनिकवादका प्रकृति र समसामयिक परिवेश अनुकुल विषय वस्तुहरुमा जातिय, क्षेत्रिय, लैङ्गिक पक्षहरुमा बनेका अनेकन नविन कलाबारे अनुसन्धान कर्ताकालागि मार्ग प्रशस्त देखिएका छन ।

## References

Bangdel, D. (2011). Contemporary Nepali art: Narratives of modernity & visuality. *Nepal : Nostalgia & modernity*. Mumbai: Marg publications, India.

Bhabha, H. K. (2094). *The location of culture*. Routledge, New York & London.

Ghimire, B. (2017). Nepali chitrakarharuko sochaima aadunik kala. *Journal of Fine Art Campus*, vol 2, Kathmandu.

Hakshethu, K., Subedi, J. & Kumar, S. (2008). *Nepal: Sankramankal rs loktantra.* International idea, Swden.

Hagy, K, (2012). Between yesterday and today: Contemporary art in Nepal. *Asian Network Exchange: A Journal for Asian Studies in the Liberal Arts*, 19(1).

Haide, S. V. D. (1988) *Traditional art in uphaeval: The Development of modern Ccontemporary art in Nepal.* Thesis of Tribhuvan University, kirtipur.

Harff, B., & Gurr, T.R. (2004). *Ethnic Conflict in world politics* (2nd ed.). Routledge. file:///E:/political%20dymention/ethnic%20conflict.pdf

Kantipur Editorial. (Tuesday, February 5, 2019). Dhagole jodchha sambandha. *Kantipur daily newspaper.* Kathmandu.

Maharjan, S. (29 Magh, 2075). Kathmanduko uchai naapne yo dori. *Annapurna post e-paper*.https://l.facebook.com/l.php?u=http%3A%2F%2Fannapurnapost.com%2Fnews%2F120297%3Ffbclid%3DIwAR1rm8Bcfl0dEVX6MyySiFZSYjIMNKEjJu6p_dxZnpDxy2XkhzWE8FBNjak&h

Nagree, Z. (17 Apr, 2017). Making place: A report on the first Katmandu trienniale. *Biennial Foundation***.** Retrieved from https://biennialfoundation.org/2017/04/first-kathmandu-triennale/on march 22, 2022.

Pathak, D. K. ( 2017 ) *Modernist imagination in Nepal: A study on Nepali modernity in the first half of 20th century*. Thesis of Tribhuvan University Central Department of English, Kirtipur.

Regmi, R. ( 2003 ) Regmi, R. (2003). Ethnicity and identity. *Occasional papers in sociology and anthropology*, *8*, 1-11. Retrieved from https://www.repository.cam.ac.uk/bitstream /handle/1810/229166/OPSA_08_01.pdf?sequence=2 on march 23, 2022.

Sharma, Y. P. (2009). Contemporary Nepali paintings: Hybridity and negotiation*. (Unpublished Doctoral Dissertation)*. Tribhuvan University, Kirtipur, Kathmandu.

Sharma, Y. P. (2014*) Nepali painting: A Critical analysis*.(1st edition).Nepal Academy of Fine Art Department of Painting, Sita Bhawan, Naxal, Kathmandu.

Sharma, Y. P. (2021). *Socio-political dynamics of Nepali Paintings*. (1st edition).Nepal Academy of Fine Art, Sita Bhawan, Naxal, Kathmandu.

Sharma, Y. P. (2019). Sharma, Y. P. (2020). Tracing the traditional contents and forms in contemporary Nepali paintings. *Molung Educational Frontier*, 169-180.

Strickland, C.C., & Boswell, J.C. (1992). *The Annotated Mona Lisa: A crash course in art history from prehistoric to post-modern.* Syndicate Company Kansas City: Andrews and McMeel A Universal Press.

Yeaman, A. R., Hlynka, D., Damarin, S. K., Muffoletto, R., & Anderson, J. H. (n.d). *10. Postmodern and Post-structural Theory*. http://members.aect.org/edtech/ed1/pdf/10.pdf